मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २१ गते बुधबार ❑ 4 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरामा थुप्रियो फोहर, व्यवस्थापनमा चुनौती

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

पर्यटकीय राजधानी पोखरामा केही दिनयता फोहर उठ्न सकेको छैन । सडकछेउ र चोकमा फोहर थुप्रिएको छ ।

फोहर व्यवस्थापन नहुँदा सहर कुरूप मात्र बनेको छैन मानव स्वास्थ्यमा असर पर्ने जोखिम बढेको छ । फोहर नउठ्दा पोखरा महानगरपालिकाप्रति सर्वसाधारण असन्तुष्ट बनेका छन् । पोखरामा फोहर व्यवस्थापनको समस्या पुरानै हो । महानगरले फोहर व्यवस्थापनका लागि दीर्घकालीन उपाय निकाल्न अझै सकेको छैन । पोखरा-३२ लामेआहालमा रहेको अस्थायी फोहर व्यवस्थापन केन्द्र भरिएपछि समयमा फोहर उठ्न नसकेको हो । महानगरका इन्जिनियर एवं 'रिसाइकलिङ र अपसाइकलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना'का सहजकर्ता नेत्र तिमिल्सिनाले फोहर व्यवस्थापनका लागि वैकल्पिक ठाउँको खोजी भइरहेको बताउनुभयो । "जेनजी आन्दोलनका क्रममा भारी मात्रामा फोहर निक्लेपछि लोमआहालको ल्याण्डफिल साइट नै भरिएकाले फोहर व्यवस्थापनमा समस्या निम्तिएको हो", उहाँले भन्नुभयो,



"नयाँ ठाउँको खोजीमा हामी दिनरात लागिपरेका छौँ, आज पनि वडा नं २१ का केही ठाउँ हेरेर फर्केका छौँ ।" इन्जिनियर तिमिल्सिनाले महानगरले प्रयास गर्दागर्दै पनि स्थान अभावका कारण समयमा फोहर उठ्न नसकेको बताउनुभयो । महानगरवासीलाई समस्या बुझिदिन आग्रह गर्दै उहाँले केही दिनमै पोखराका सडक र चोकमा थुप्रिएको फोहर व्यवस्थापन गरिने बताउनुभयो । "घरमा जम्मा भएको फोहर केही दिन सडकमा ल्याएर नथुपार्न आग्रह गरेका छौँ, फोहर व्यवस्थापनमा हरेक नागरिकको पनि आफ्नै दायित्व हुन्छ", उहाँले भन्नुभयो । स्थायी ल्याण्डफिल साइटका निर्माणका लागि जग्गा व्यवस्थापनका गर्न स्थानीयवासीको सहयोग र सहजीकरण जरुरी रहेको उहाँले बताउनुभयो । लामो सयमसम्म फोहर नउठ्दा सहरमा दुर्गन्ध फैलने देखिए पनि महानगरले केही दिनअघि सार्वजनिकस्थलमा खाडल खनेर फोहर पुरेको थियो । सडकमा मात्र नभएर घरघरमै फोहर थुप्रिएकाले तत्काल उचित व्यवस्थापन हुनुपर्ने स्थानीयवासीको माग छ । फोहर व्यवस्थानमा देखिएको चुनौतीलाई दीर्घकालीन रूपमा समाधान गर्न नसके यो समस्या पुनः दोहोरिरहने देखिन्छ । केही वर्षअघिसम्म पोखरा-१८ बाच्छेबुडुवामा रहेको ल्याण्डफिल्ड साइट निर्माण गरी फोहर व्यवस्थापन हुँदै आएको थियो । पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आए पनि उक्त ल्याण्डफिल साइट बन्द गरिएको थियो । त्यसपछि पोखरा-३२ लामेआहालमा अस्थायी ल्याण्डफिल साइट निर्माण गरी फोहर व्यवस्थापन गरिँदै आएको थियो ।

पोखरामा हाल १८० देखि २०० टनसम्म फोहर उत्पादन हुँदै आएको छ । फोहरलाई उद्यम र आर्थिक उपार्जनसँग जोड्न परियोजना सञ्चालन गरेको पोखरा महानगरपालिका लागि अनुत्पादक फोहरको व्यस्थापनमा भने चुनौती देखिएको हो । महानगरपालिकाले कोरिया अन्तरराष्ट्रिय सहयोग नियोगको आर्थिक सहयोग, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा 'रिसाइकलिङ र अपसाइकलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना' सञ्चालन गरेको छ । परियोजनामार्फत हाल अभ्यासमा रहेको प्रयोग गर्ने र फाल्ने 'थ्रो अवे' को सट्टा चक्रीय अर्थतन्त्र प्रणालीमा आधारित रिसाइक्लिङ/अपसाइक्लिङ उद्यमहरू स्थापना गरी हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने उद्देश्य लिइएको छ । ठोस फोहरमैलाबाट सिर्जना हुने प्रदूषण तथा नकारात्मक वातावरणीय प्रभावलाई न्यूनीकरणमा परियोजनाले टेवा पुर्याउने महानगरले जनाएको छ ।

## लेकसाइड क्षेत्रलाई पर्यटनमैत्री बनाउन अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

पर्यटन राजधानी पोखराको मुख्य पर्यटकीय गन्तव्य लेकसाइड क्षेत्रमा पर्यटनमैत्री वातावरण बनाउन पोखरा पर्यटन परिषद्ले अभियान सुरु गरेको छ ।

लेकसाइड आएका पर्यटकहरू पूर्ण रूपमा सुरक्षित महसुस गरी यस क्षेत्रमा आवतजावत गर्न सकुन् भन्ने उद्देश्यका साथ सरोकारवाला निकायसँग समन्वय एवं साझेदारी बढाउँदै अभियान सुरु गरिएको हो । लेकसाइड क्षेत्रलाई पर्यटनमैत्री एवं पूर्ण सुरक्षित बनाउने लक्ष्यका साथ परिषद्ले यहाँस्थित वडा प्रहरी कार्यालय बैदाम, पर्यटन प्रहरी, महानगर प्रहरी, वडा प्रतिनिधि, पर्यटन व्यवसायसम्बद्ध सङ्घसंस्थाका प्रतिनिधिको समन्वयमा छलफल गरी अभियानलाई अघि बढाएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले जानकारी दिनुभयो । लेकसाइड क्षेत्रमा कुनै पनि अवाञ्छित गतिविधि नहुन् भन्ने उद्देश्यका साथ यस क्षेत्रमा पर्यटनसम्बद्ध संस्थाका प्रतिनिधि एवं पर्यटन व्यवसायी र सरोकारवाला पर्यटन प्रहरी, महानगर प्रहरी, वडा प्रतिनिधि रहनुभएको ह्वाटस् एप ग्रुप तयार गरिएको छ । अवाञ्छित गतिविधि भए गरेको कोही कसैले देख्नासाथ ग्रुप वा सम्बन्धित निकायमा खबर गरी त्यस्ता गतिविधि रोक्न पहलकदमी गरिने गरिएको परिषद्का महासचिव जीवनराज सापकोटाले जानकारी दिनुभयो । परिषद्को् अगुवाइमा सरोकारवाला निकायका प्रतिनिधिसहित विशेष गरी बेलुकाको समयमा स्थलगत अनुगमन पनि गर्ने गरिएको उहाँले बताउनुभयो । लेकसाइडमा आउने पर्यटकका लागि खाद्य स्वच्छतासमेतलाई ध्यान दिँदै खुला रूपमा सडकपेटी वा साइकलमा गरिने व्यापारले पर्यटकको आवतजावतमा समेत असर परेको हुँदा यस्ता गतिविधिलाई नियन्त्रण गर्न थालिएको छ । स्थलगत अनुगमनका क्रममा पहिलो चरणमा सम्बन्धित व्यक्तिहरूलाई सचेत गराइएको बताउँदै परिषद्का अध्यक्ष पहारीले यसपछि पनि त्यस्तो क्रममा निरन्तरता पाइए थप कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा जिम्मा लगाइने बताउनुभयो ।लेकसाइड क्षेत्रका विभिन्न स्थानमा यहाँको स्वच्छता र पर्यटनमैत्री वातावरणका लागि क्युआरकोडमार्फत अपनाउनुपर्ने नियम आदिबारे पनि जानकारी गराउने लक्ष्य राखिएको उहाँले बताउनुभयो ।

## गण्डकी प्रदेशमा एनसीसी अल्मुनाई एसोसिएसनको कार्यसमिति र सल्लाहकार समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

"राष्ट्रिय सुरक्षा नीति-२०७५" बमोजिम राष्ट्रिय सेवा दल, नेपाल स्काउट लगायत संस्थाहरूको सुदृढीकरण गर्दै स्वाभिमानी नागरिक, सभ्य एवं सु-संस्कृत समाज र राष्ट्र निर्माणको परिकल्पनाअनुरूप राष्ट्रिय हितप्रति समर्पित, अनुशासित र बफादार युवा जनशक्ति उत्पादन गर्ने उद्देश्य का साथ गण्डकी प्रदेश एनसीसी अल्मुनाई एसोसिएसनको १३ सदस्यीय कार्यसमिति गठन गरिएको छ ।

नेपाली सेनाको पश्चिम पृतना मुख्यालय, पोखरा मा सोमबार आयोजित कार्यक्रममा राष्ट्रिय सेवा दलबाट प्रदान गरिने एनसीसी तालिम प्राप्त युवाहरूको छनोट गरी उक्त कार्यसमिति गठन गरिएको हो । यसैगरी, पश्चिम पृतनाका पृतनापति उपरथी भोलानाथ थापाको अध्यक्षतामा ७ सदस्यीय गण्डकी प्रदेश एनसीसी अल्मुनाई एसोसिएसनको सल्लाहकार समिति समेत गठन गरिएको समितिले जनाएको छ । सल्लाहकार समितिमा डा.दिल बहादुर क्षेत्री,डा.नारायण बराल,डोलराज श्रेष्ठ, मदन के.सी.आनन्दराज मुल्मी तथा अवकाश प्राप्त सहायक रथी लक्ष्मण थापा रहनुभएको छ । नवगठित समितिको पहिलो बैठकले राष्ट्रिय सेवा दलबाट एलआरआर तालिम प्राप्त युवा जनशक्तिलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा परिचालन गर्न विद्यमान संरचनामा रहेका चुनौती र खाडलहरूको पहिचान गर्ने, संस्थागत संरचना सुदृढ गर्दै समन्वित नेटवर्क विस्तार गर्ने, साथै दीर्घकालीन लक्ष्यसहितको कार्ययोजना तयार गर्ने निर्णय गरेको पश्चिम पृतनाका सेनानी हुमान सिंह कुंवरले बताउनु भयो । त्यसैगरी, युवाहरूको सक्रिय तथा स्वेच्छिक सहभागिता अभिवृद्धि गर्ने, विपद् व्यवस्थापन तथा उद्धार कार्य, प्राकृतिक तथा मानवजन्य प्रकोपका समयमा स्वयंसेवकको भूमिकामा परिचालन गर्ने, तथा समुदायमा आवश्यक नयाँ सम्भावित क्षेत्रहरूको पहिचान र विस्तार गर्ने विषयमा समेत महत्वपूर्ण छलफल र निर्णयहरू गरिएको उहाँले उल्लेख गर्नुभयो । सोही दिन पश्चिम पृतना मुख्यालयमै आयोजित "नेपाली सेनाको खेलकुद विकासलाई स्तरोन्नति गर्न अपनाउनुपर्ने उपाय" विषयक गोष्ठीको समापन समारोहका अवसरमा नव-नियुक्त सल्लाहकार तथा कार्यसमिति सदस्यहरूलाई नियुक्ति पत्र र परिचयपत्र (आईडी कार्ड) प्रदान गरिएको थियो ।

कार्यक्रमले गण्डकी प्रदेशमा राष्ट्रसेवा, अनुशासन र सामाजिक उत्तरदायित्वमा आधारित युवा नेतृत्व विकास मा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ ।

## गोरखाको निर्वाचन तयारीबारे अर्थमन्त्रीद्वारा अनुगमन

**पोखरापत्र संवाददाता**
गोरखा, २० माघ

गोरखाको निर्वाचन तयारीको पछिल्लो अवस्थाबारे अर्थमन्त्री रामेश्वर खनाल र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र जिसीले अनुगमन भ्रमण गर्नुभएको छ । मंगलबार दिउँसो छुट्टाछुट्टै गोरखा आइपुग्नुभएका उहाँहरूले जिल्लाको निर्वाचनको तयारी, सुरक्षा प्रबन्धका बारेमा अध्ययन, अनुगमन, भ्रमण तथा छलफल गर्नुभएको हो ।

अर्थमन्त्री खनालले मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमा पुगी वस्तुगत अध्ययन तथा छलफल गर्नुभएको छ । सो क्रममा ती दुवै कार्यालयले निर्वाचन आयोगले निर्धारण गरेको कार्यतालिका अनुसारका सबै चरणहरू पूरा भइसकेको जानकारी गराएको जिल्ला निर्वाचन अधिकारी टेकबहादुर कोइरालाले जानकारी दिनुभयो । "उहाँले निर्वाचन सभ्य, भव्य, निष्पक्ष, भयरहित ढङ्गले सबैको सरसहयोगको खाँचो रहेकाले सर्वपक्षीय, सर्वदलीय बैठक,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विश्व सिमसार दिवसमा पोखराका दुई विद्यालयमा सचेतना कार्यक्रम


**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

विश्व सिमसार दिवस २०२६ को अवसरमा पोखराका दुई विद्यालयमा सिमसार संरक्षण सचेतना कार्यक्रम गरिएको छ । पोखराको विजयपुरमा रहेको लोमान्थाङको घुम्ती विद्यालय दिव्य दीप मावि र पोखरा बैदामको तालबाराही मावीमा पत्रकार कृष्णमणि बराले २० वर्ष अघि देखि खिचेका पोखराका तालहरुको विभिन्न अवस्था झल्कने तस्बिर मार्फत सिमसार संरक्षण सचेतना कार्यक्रम गरिएको हो ।

विश्व सिमसार दिवसको अवसरमा सोमबार लोमान्थाङको घुम्ती विद्यालयमा सचेतना कार्यक्रम संचालन गरिएको थियो । सहभागी विद्याथीले प्लास्टिकजन्य फोहोर लगायत कुनै पनि प्रकारका फोहोर जथाभावी फ्याँकीदा सिमसार, सार्वजनिक स्थल र प्राकृतिक सम्पदा जोखिममा पर्दै गएको बताए । विद्यार्थीहरुले जथाभावी फोहोर आफूले नफाल्ने र अरुलाई पनि सम्झनाउने प्रतिवद्धता जनाए । त्यसै गरी पोखराको बैदामको तालबाराही माविका विद्यार्थीमा पनि सिमसार सम्बन्धी




फोटो, भिडियो मार्फत सिमसारको महत्व बारेमा जानकारी दिएको थियो । जथाभावी फोहोर फ्याँक्दा ताल लगायत पानीको स्रोत र वातावरण प्रदूषित भएकोले जथाभावी फोहोर नफ्याँक्ने प्रतिवद्धता जनाएका छन् । कक्षा ११ र १२ का विद्यार्थीलाई सिमसार, फोहोर मैला नियन्त्रण बारे जानकारी दिएको थियो । देशकै दोस्रो ठूलो फेवाताल कसरी वर्षेनी पुरिदै सांगुरिएको छ र प्रदूषणको चपेटामा परेको छ भन्ने विषय समेटिएका तस्बिर र भिडियो मार्फत देखाएर सचेतना कार्यक्रम प्रस्तुत गरिएको थियो । कार्यक्रममा पोखराका बेगनास, रुपा, गुदे ताल, खोलाको विभिन्न अवस्था झल्केका तस्बिर समेत समेटिएका थिए । सचेतना कार्यक्रममा सामुदायिक सेवा केन्द्र बैदामका अध्यक्ष ठाकुर प्रसाद बरालले जथाभावि फोहोर फूँयाक्दा पोखराका ताल, नदी, नहर, खोला प्रदूषणको चपेटामा परेको बताउँदै युवाहरु प्राकृतिक स्रोत संरक्षणमा लाग्नु पर्नेमा जोड दिए । प्रत्येक वर्ष फ्रेब्रुवरी २ मा विश्व सिमसार दिवस मनाइन्छ । अवसरको खोजीमा मानिसहरु शहरमा बसोबास गर्ने क्रम बढे संगै शहरी सिमसार जोखिम पर्दै आएकाले त्यसको संरक्षण युवा अवस्थाबाट लाग्नु पर्ने अर्का पत्रकार सागर राज तिमिल्सिनाले बताए । सन् २०५० सम्ममा शहरी जनसंख्या बढेर ६८ प्रतिशत सम्म पुग्ने अनुमान गरिएको छ । धेरै मानिस कामको खोजीमा शहर पस्ने क्रम बढेसंगै शहरी सिमसार जोखिममा पर्दै गएको छ । खोला, नदी र तालहरु प्लास्टिक फोहोर बग्ने ठाउँहरु मात्र होइनन तिनीहरु दीर्घकालिन रुपमा जम्मा हुने ठाउँहरु पनि भएका छन् । यसले सिमसार क्षेत्रको जैविक विविधतामा प्रत्यक्ष असर पार्नुको साथै स्वस्च्छ पानीको अभावमा भोलीको पुस्ता काकुल हुने अवस्थाको सृजना हुने जोखिम बढेको संरक्षण कर्मी समेत रहेका पत्रकार कृष्णमणिले बताए । विद्यालयमा प्राकृतिक विविधिता र सिमसार संरक्षण जस्ता सचेतना कार्यक्रमले युवा विद्यार्थीमा जैविकविविधता र सिमसारको महत्व बुझेर संरक्षण लाग्न प्रेरित गर्ने तालवाराही माविका सहायक प्रधानध्यापक यदु पोखरेलले बताए । यस्ता संरक्षण सचेतना कार्यक्रमको निरन्तरतार हुनु पर्नेमा उनले जोड दिए । सिमसार संसारका केही सबैभन्दा पारिस्थितिक रुपमा धनी परिस्थितिक प्रणालीहरु हुन् । तिनीहरु जैविक विविधताका आकर्षण केन्द्र मात्र होइनन् । तिनीहरु ज्ञान र संस्कृतिक आकर्षण केन्द्र पनि हुन् । जहाँ सिमसारहरु फस्टाउँछन् त्यहाँ सांस्कृतिक सम्पदा र परम्परागत ज्ञान पनि फस्टाउने सिमसार विज्ञ बताउँछन् ।



# घान्द्रुक पर्यटन महोत्सव फागुन ६ देखि, पर्यटकलाई १५ प्रतिशत छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ




कास्कीको अन्नपूर्ण गाउँपालिका १०र ११ स्थित पर्यटकीय गाउँ घान्द्रुकमा फागुन ६ देखि ९ गतेसम्म घान्द्रुक पर्यटन महोत्सव हुने भएको छ। पोखरामा आज (मंगलबार) पत्रकार सम्मेलन गर्दै महोत्सवबारे जानकारी दिएको हो।

घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीं क्लब कौंड (घान्द्रुक)को सयुक्त आयोजनामा मेश्रम बराह माध्यमिक विद्यालयको प्राङ्गणमा फागुन ६ देखि ९ गतेसम्म महोत्सव हुने रोधीं क्लब कौंड (घान्द्रुक) का वरिष्ठ उपाध्यक्ष लामा अमृत गुरुङले बताए। 'सबै मौसममा पर्यटन भन्ने नारासहित विगत केही वर्षयता हामीले घान्द्रुक पर्यटन महोत्सव गर्दै आएका छौं, उपाध्यक्ष गुरुङले भने, 'घान्द्रुकमा खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ फागुन ६ देखि ९ गतेसम्म खेलकुद तथा सांस्कृतिक कार्यक्रमको साथ महोत्सव आयोजना गरिएको हो।' घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले महोत्सवको अवसरमा पर्यटकहरुलाई १५ प्रतिशत छुट रहेको बताए। 'घान्द्रुकमा हामीले एकैदिन २ हजार ५ सय पर्यटक राख्न सक्ने होटल तथा होमस्टे रहेका छन्, अध्यक्ष गुरुङले भने, 'महोत्सव अवधीभर घान्द्रुक आउने पर्यटकलाई १५ प्रतिशत छुट दिन्छौं।' रोधीं क्लब कौंड (घान्द्रुक)का अध्यक्ष लक्षिण गुरुङले महोत्सवले घान्द्रुकको पर्यटन प्रवर्द्दन गर्न मद्दत पुग्ने बताए। 'घान्द्रुक ढुङ्गेनी गाउँको नामले पनि परिचित छ, घान्द्रुकका कला संस्कृति, रीतिरिवाज बचाई राख्न महोत्सवले महत्वपूर्ण भुमिका खेल्ने विश्वास लिएका छौं।' अध्यक्ष गुरुङले भने।

महोत्सव सफल बनाउन घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीं क्लब कौंड (घान्द्रुक)ले पोखरा र घान्द्रुकमा आयोजना गरेको च्यारिटी डिनर कार्यक्रममा १९ लाख रुपैयाँ संकलन भएको थियो। महोत्सवमा भलिबल,घोडा दौड र भेडाको साँड जुडाई मुख्य आर्कषण घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले महोत्सवको अवसरमा खुल्ला वडास्तरीय पुरुष भलिबल प्रतियोगिता, राष्ट्रव्यापी बास्केटबल प्रतियोगिता, घोडा दौड प्रतियोगिता,भेडाको साँड जुडाई प्रतियोगिता,रस्साकस्सी प्रतियोगिता, छेलो प्रतियोगिता लगायतका प्रतियोगिता आयोजना गरिएको बताए। उनका अनुसार महोत्सवको अवसरमा आयोजना गरिएको खुल्ला वडास्तरीय पुरुष भलिबल प्रतियोगिता र राष्ट्रव्यापी अन्तरपालिकाखुल्लापुरुषबास्केटबल प्रतियोगिताको विजेताले समान १ लाख ६६ हजार ६ सय ६६, उपविजेताले १ लाख ११ हजार १ सय ११ र तृतीय हुनेले ५५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै घोडा दौड प्रतियोगिताको प्रथम हुनेले १ लाख १ हजार १ सय ११, द्धितिय हुनेले ४० हजार ४ सय ४४, तृतीय हुनेले २० हजार २ सय २२,चौथो हुनेले ११ हजार पाँचौ हुनेले ९ हजार, छैठौं हुनेले ७ हजार र सातौं हुनेले ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। घान्द्रुक चक्रिय पदमार्ग दौडको प्रतियोगिताको विजेताले १६ हजार ६ सय ६६, उपविजेताले ७ हजार ४ सय ४४ र तृतीय हुनेले ३ हजार ४ सय ४४ रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै छेलो प्रतियोगिताको विजेताले १६ हजार ६ सय ६६ र उपविजेताले ६ हजार ६ सय ६६ रुपैयाँ प्राप्त गर्नेछन्। यस्तै महिला तथा पुरुष रस्साकस्सी प्रतियोगिताका विजेताले समान ११ हजार १ सय ११ र उपविजेताले ५ हजार ५ सय ५५ रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै भेडाको साँड जुडाई प्रतियोगिताको प्रथम हुनेले ११ हजार, द्धितिय हुनेले ९ हजार,तृतीय हुनेले ७ हजार, चौथो हुनेले ५ हजार र पाँचौ हुनेले ३ हजार रुपैयाँ प्राप्त गर्नेछन्। पोखराबाट साढे २ घण्टाको सवारी यात्रामा पोखरा बागलुङ सडक खण्डको नयाँपुल, विरेठाटीहुँदे घान्द्रुक पुग्न सकिन्छ। घान्द्रुकबाट भैसीखर्क-टाडापानी,वनठाटी, देउराली हुँदै म्याग्दीको घोडेपानी र घान्द्रुक हुँदै टाडापानी-इसरु, दोबाटो, मुल्डेहुँदै म्याग्दीको खोर्पा लेक र हिडन लेक जान सकिन्छ भने, घान्द्रुक,छोम्रोङ हुदै अन्नपूर्ण बेसक्यापसमेत जान सकिन्छ।

# नेकपा कास्की उम्मेदवार भन्छन् : जनताको उत्साहजनक साथ छ

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ



नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट कास्कीमा तीन वटै निर्वाचन क्षेत्रका उम्मेदवारले आफूहरुले जनतको उत्साहजनक साथ पाएको जनाएका छन्। आ-आफ्नो क्षेत्रमा भेटभाट, घरदैलोमा व्यस्त उनीहरुले यस्तो बताएका हुन्।

कास्की क्षेत्र नम्बर १ का उम्मेदवार राजकाजी गुरुङ(करण)ले जनताको भरोसा नेपाली कम्युनिष्ट पार्टी र आफूहरुमा रहेको पाएको बताए। उनले जनताले घरदैलो र टोलमा उत्साहजनक रुपमा स्वगत गर्दै अपेक्षा प्रकट गरिरहेको जानकारी दिए। 'जनतामा हाम्रो पार्टी र हामीप्रति भरोसा छ। यो भरोसालाई कायम राख्दै उहाँरुको सुखदुःखमा सहभागी हुन्छौं', उनले भने। कास्की क्षेत्र नम्बर २ का उम्मेदवार किरण थापा' आमोद'ले कास्कीमा कसैको गढ भन्ने नरहेको बताए। पुराना गढहरु भत्किएको र जनताले संविधानको रक्षा र परिवर्तनको एजेन्डा बोकेको नेकपासँग धेरै अपेक्षा राखेको पाएको सुनाए। उनले भने, 'कास्कीमा कसैको गढ भन्ने छैन, पुराना भनिएका गढहरु भत्किएका छन्।

जनताले संविधानको रक्षा गर्ने र राष्ट्रको समृद्धिका लागि एजेन्डा भएको दल खोजेका छन्। त्यो भनेको नेकपा नै हो।' कास्की क्षेत्र नम्बर ३ मा नेकपाका उम्मेदवार गोपाल गिरीले जनताले आफूहरुको सेवा गर्ने उत्कृष्ट विचार भएको दल र उम्मेदवार खोजेको बताए। त्यसका लागि भरोसायोग्य पार्टीका रुपमा नेपाली कम्युनिष्ट पार्टी र पात्रको रुपमा त्यसका उम्मेदवारलाई विश्वास गर्ने उल्लेख गरे। 'जनताले उत्कृष्ट विचार भएको दल खोजेका छन्।' कास्की क्षेत्र नम्बर ३ मा मंगलबार प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फका उम्मेदवार गोपाल गिरी र समानुपातिक उम्मेदवार कृष्ण नेपालीसहित अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर ६ र ७ मा सम्पर्क कार्यालय स्थानासँगै घरदैलो कार्यक्रम छ। कास्की क्षेत्र नम्बर २ मा उम्मेदवार किरण थापा 'आमोद', समानुपातिक उम्मेदवार ज्ञानु आचार्यसहितका नेता, कार्यकर्ता पोखरा महानगरको वडा नम्बर २१ मा घरदैलोमा छन्।

यसैगरी कास्की क्षेत्र नम्बर १ मा नेकपाका प्रत्यक्ष तर्फका उम्मेदवार राजकाजी गुरुङ (करण), समानुपातिक उम्मेदवारहरु दिलु पन्त र सोमति गुरुङसहित नेता, कार्यकर्ता मादीको वडा नम्बर ९ मा घरदैलोमा छन्।

# स्थानिय मुद्दालाई केलाएर नीति निर्माणमा समेट्ने योजना छ : गनेस पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ



प्रतिनिधि सभाको निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्की क्षेत्र नम्बर १ का उम्मेदवार गनेस पौडेलले स्थानिय नागरिकसँग प्रत्यक्ष भेटघाट तथा सुझाव संकलन अभियानलाई मंगलबार पनि निरन्तरता दिएका छन्।

"स्थानियसँग संवाद यात्रा" अन्तर्गत मंगलबार पोखरा महानगरपालिका भित्र विभिन्न टोल-बस्तीमा कार्यक्रम सम्पन्न भएको छ भने बुधबार रुपा गाउँपालिकाका विभिन्न स्थानमा भेटघाट कार्यक्रम तय गरिएको छ।

निर्धारित कार्यतालिका अनुसार मंगलबार बिहान वडा नम्बर १४ को विजय बस्तीमा स्थानियसँग संवाद गरिएको छ। त्यसपछि वडा नम्बर २८ अन्तर्गत माझठाना, सौर्य, रैकर, स्याङखुदी र खरानेफाँट क्षेत्रमा दिउँसोदेखि साँझसम्म संवाद यात्रा तथा छलफल कार्यक्रम सञ्चालन गरिएको कास्की क्षेत्र नम्बर १ का चुनावी कमाण्डर श्रीकृष्ण न्यौपानेले जानकारी दिए।

संवादका क्रममा स्थानियले राजनीतिक अस्थिरताले आजित बनेको गुनासो गरे। उनीहरुले नयाँ दल पुराना जस्तो नहुने प्रतिवद्धता जनाए मत जाहेर गर्ने विश्वास दिलाएको रास्वपा कास्की १ का क्षेत्रिय संयोजक श्रवण जम्मरकट्टेलले बताए। रास्वपा कास्की क्षेत्र नम्बर १ का उम्मेदवार गनेस पौडेलले जनतासँगको प्रत्यक्ष संवादले आफुलाई थप उर्जा थपेको बताए। उनले स्थानिय मुद्दालाई मिहिन ढंगले केलाएर केन्द्रमा नीति निर्माणमा समेट्ने, योजना निर्माण, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे।

रास्वपाको क्षेत्रीय समिति अनुसार बुधबार रुपा गाउँपालिकामा संवाद यात्रा सञ्चालन हुनेछ। बिहान ८ बजे खोलाको छेउ, १० बजे तालबेसी, दिउँसो १२ बजे काउरे, २ बजे हंसपुर र साँझ ४ बजे हाँस पोखरी क्षेत्रमा स्थानियसँग भेटघाट तथा सुझाव संकलन कार्यक्रम तय गरिएको छ।

# पोखरा कलेज अफ म्यानेजमेन्टमा आइडिया कन्टेस्ट सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ



पोखरा कलेज अफ म्यानेजमेन्टमा मंगलबार आइडिया कन्टेस्ट प्रतियोगिता सम्पन्न भएको छ।

कलेजको सभाकक्षमा आयोजित प्रतियोगितामा १२ वटा समूहले आफ्ना व्यावसायिक योजना प्रस्तुत गरेका थिए। प्रतियोगितामा 'गियर सेवा' समूह प्रथम भएको छ। उक्त समूहले नगद रु. ८ हजार तथा प्रमाणपत्र प्राप्त गरेको छ। त्यसैगरी 'स्पारागस बडी पावर टी (कुरिलो चिया)' समूह दोस्रो हुँदै नगद रु. ५ हजारसहित प्रमाणपत्र पाएका दिवा कार्यक्रम संयोजक सुरज कुँवरले वताए। प्रतियोगी समूहका योजनाको मूल्याङ्कन लघुवित्त संघ नेपालका केन्द्रीय सचिव अनन्तकुमार श्रेष्ठ, व्यवसाय प्रवर्द्धन केन्द्र पोखरा महानगरपालिकाका प्रमुख कार्यकारी निर्देशक नवराज अधिकारी तथा विद्याज डाइट एण्ड फिटनेस सेन्टरका कार्यकारी निर्देशक श्रीविद्या रघुनाथन कायस्थले गरेका थिए। कलेजको वार्षिक क्यालेन्डरअनुसार हरेक वर्ष आयोजना हुने यस प्रतियोगिताले उद्यमशीलता विषय अध्ययन गरिसकेका विद्यार्थीहरूमा उद्यमी सोच विकास गर्न सहयोग पुऱ्याउने कलेजका बिहानी कार्यक्रम संयोजक हरि अधिकारीले बताए। कार्यक्रम उपप्राध्यापक सुवास मल्लले कार्यक्रम सञ्चालन गरेका थिए। पोखरा कलेज अफ म्यानेजमेन्ट विगत दुई दशकदेखि पोखराविश्वविद्यालयबाटसम्बन्धन प्राप्त गरी व्यवस्थापन संकायमा अध्ययन-अध्यापन गराउँदै आएको छ। हाल कलेजमा दिवा तथा बिहानी सत्रमा ६ सयभन्दा बढी विद्यार्थी बीबीए, बीबीए फाइनान्स तथा बीसीएसआईटी कार्यक्रममा अध्ययनरत छन्।

# गोरखाको ...

छलफल, समन्वय र सहकार्यलाई जारी राख्न निर्देशन दिनुभयो", कोइरालाले भन्नुभयो। अर्थमन्त्री खनाल मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला निर्वाचन कार्यालयको अनुगमन भ्रमण गरेर जिल्ला प्रशासन कार्यालयमा आउनुभएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्र शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले हालसम्म भए गरेका प्रगतिका विवरण सबै सुनायौँ। उहाँले सोचेभन्दा धेरै प्रगति भएको रहेछ भन्ने प्रतिक्रिया दिएर जानुभयो।" गोरखाको भ्रमण सकेर अर्थमन्त्री खनाल तनहुँ, लमजुङ हुँदै म्याग्दीसम्म जाने कार्यक्रम रहेको सहायक प्रमुख जिल्ला अधिकारी शर्माको भनाइ छ। त्यस्तै नायब महानिरीक्षक जिसीले जिल्ला प्रहरी कार्यालय गोरखा, इलाका प्रहरी कार्यालय आरुघाट र इप्रका ठाँटीपोखरीको अनुगमन गर्नुभएको छ।


## भूकम्पबाट जोगिन सचेत बनौं

◆भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।

◆भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।

◆आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।

◆परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।

◆भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।

◆आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नागरिकको हक कार्यान्वयन गर्न आवाज बुलन्द पार्छु - एमाले कास्की दुइका उम्मेदवार आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ



आशन्न प्रतिनिधि सभा निर्वाचनमा कास्की क्षेत्र न २ बाट ने क पा ( एमाले ) को उम्मेदवार रश्मि आचार्यलेसंविधानले प्रदान गरेको जमिन र आबासको हक कार्यान्वयन गर्न आवाज बुलन्द पार्ने प्रतिबद्धता व्यक्त गरेका छन।

आफ्नो निर्वाचन क्षेत्रमा पोखरा महानगर पालिका वडा न ७ का जनतासंग टोल टोल र बस्ती पुगेर आगामी कामका सम्बन्धमा सुझाव लिने क्रममा सो वडाका भुमिहिन जनताका सुझाव र गुनासा संकलन गर्दै सो कुरा बताएका हुन। उम्मेदवार आचार्यले भुमिहिनको समस्या आफ्नो पार्टीले पहिचान सहित समाधान गर्ने योजना बनाएको र सो कुरा विभिन्न राजनितीक कारणले अपुरो हुन पुगेका अभियान पूरा गर्ने उल्लेख गरे।संविधानले सुनिस्चित गरेको मौलिक हकमा जमिन र आबासको अधिकार कार्यान्वयन गर्न आबाज बुलन्द गर्ने भन्दै जे बोल्छु त्यो गर्छु, आचार्यले भने। बिश्वासको मतमा संकट पैदा गर्दिन गौरवशाली कार्य गर्न कटिबद्ध छु,दीर्घकालीन बिकासको लागि जनसहभागितामा योजना निर्माणका लागि प्रभाबकारी नीति तथा कानुन निर्माण गर्न भुमिका सहित क्षेत्र र स्थानीय बिकासका उदाहरणीय काम गर्ने बताए। सो अबशरमा स्थानियहरूले भुमिहिनको समस्या समाधानका लागि ब्यबस्थित र ब्यबहारिक कार्ययोजना एमाले सरकार ले नै शुरूवात गरेको आफुहरू स्पस्ट भएको कुरा व्यक्त गरेका छन।

जनता र राष्ट्र बिकासको स्पस्ट नीति, योजना र खाका एमाले संग भएको प्रतिक्रिया दिदै स्थानीयले साथमा साथ मिलाउने प्रतिबद्धता समेत जनाएका छन।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनाबाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# संकटमा स्वास्थ्य बिमा कार्यक्रम

उपचारमा सहजता दिलाएर दीनदुःखीलाई रोगमुक्त पार्ने उद्देश्य बोकेको बिमा कार्यक्रम नै असहजताको रोगले थलिँदै गएको आभास हुन थालेको छ । विभिन्न खाले संकट देखाउँदै स्वास्थ्य बिमा सेवा प्रदान गर्दै आएका केही ठुला अस्पतालले सेवा बन्द गरिसकेका छन् । बिमा सेवा बन्द गर्ने एउटा अस्पतालमा शिक्षण अस्पताल महाराजगन्ज पनि पर्छ। त्यसले भन्दा अघि नै सहिद गंगालाल अस्पतालले स्वास्थ्य बिमा सेवा बन्द गरेको छ। यी अस्पतालहरूले बिमा सेवा बन्द गरेको केही बितिसक्दा पनि पुनः सञ्चालनमा आउने या नआउने भन्ने कुनै संकेत देखिएको छैन ।

समयमै दाबी रकम भुक्तानी नभएको र दाबी रकम भुक्तानीका लागि अस्वीकृति जनाउन थालिएको भनी विज्ञप्ति नै जारी गरेर शिक्षण अस्पतालले बिमा सेवा बन्द गरेको थियो । नीतिगत कमजोरीका साथै कार्यान्वयनमा रहेको झमेलाका कारण संकट निम्तिएको छ । नेपालमा स्वास्थ्य क्षेत्रमा मौलाएको छ । 'सरकारले स्वास्थ्य बिमा कार्यक्रमलाई वैज्ञानिक नीति बनाई लागु गर्नुपर्नेमा सिधै सामाजिक सुरक्षा कार्यक्रमबाट सुरु गरेको देखिन्छ । यहीबाट सफलतामा ब्रेक लाग्न थालेको आलोचनाको विचार छ । जसअनुसार प्रगतिशील प्रिमियम अर्थात् बिमा शुल्क आयका आधारमा हुनुपर्नेमा समान शुल्क मुख्य समस्या बनेको छ । 'एक लाखसम्मको उपचार खर्च बिमाले बेहोर्ने सरकारले तोकेको बजेट र लक्षित वर्ग प्रिमियमबिचको असन्तुलनले पनि बिमा कार्यक्रममा संकट थपिएको हो।

हाल स्वास्थ्य बिमाका करिब ९८ लाख बिमितमध्ये ६२ लाख सक्रिय छन्। तीमध्ये पनि ५५ प्रतिशत मात्र लक्षित वर्गका हुन्। ती बिमामा योगदान नगर्ने वर्गका हुन् । त्यसको प्रिमियम बिमा कोषबाटै तिर्नुपर्छ। त्यसको वार्षिक लागत चारदेखि पाँच अर्ब पर्न आउँछ । बाँकी ४५ प्रतिशत योगदान गर्ने वर्गका बिमित हुन्। उक्त ४५ प्रतिशत कोष विमितबाटै संकलन गरेर तिर्नुपर्छ । यो वर्गबाट कुल तीन अर्ब ५० करोड मात्र संकलन हुन्छ । सरकारले १० अर्बबाट पुरै बिमा कार्यक्रम संकलन गर्न भनेको हुन्छ । यो हिसाबले १३ अर्ब मात्र बिमा कोषमा संकलन हुन्छ। तर प्रतिवर्ष दावी भुक्तानी वर्षमा २६ अर्ब आउने भएपछि बोर्डमा आर्थिक भार बढी पर्न गएको हो । चालु आर्थिक वर्षमा बजेटभन्दा बाहिर एक अर्ब भुक्तानी सरकारी कोषबाट भइसकेको र थप एक अर्ब निकासा माग भइरहेको छ ।

यसबाहेक अस्पतालहरूले अनावश्यक परीक्षण गर्ने, बिरामीले अनावश्यक सेवा लिने, अस्पतालले प्रदान गर्ने गुणस्तरीय सेवा र औषधिको उपलब्धताको विषयमा अनुगमन निकायको सक्रियता नहुने कारणले स्वास्थ्य बिमा कार्यक्रममा बर्सेनि संकट थपिँदै गएको विश्लेषण छ । बिमा बोर्डले आर्थिक भुक्तानी गर्ने हो । स्वास्थ्यले आफ्नो सेवाको अनुगमन गर्नुपर्थ्यो । बिमा कार्यक्रमभित्रकै नीतिगत र व्यावहारिक कमजोरी मुख्य समस्या रहेको घटनाक्रमले देखाएको छ । बिमा कार्यक्रमअन्तर्गत बिमा कार्यक्रमले मात्र स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चत गर्न सकिने भए पनि बिमा कार्यक्रम नागरिकको हकमा ऐच्छिक रूपमा छाडेका कारण बिमाकोष बलियो हुन सकेको छैन । विशेष गरी कर्मचारी, सेना, प्रहरीलगायत औपचारिक संगठनलाई समेट्न नसकेको परिणाम अहिलेको संकट आएको बताइएको छ । साथै, नागरिकका लागि स्वास्थ्य बिमासहित अन्य सामाजिक सुरक्षाका कार्यक्रममा हुने दोहोरोपना, सेवाग्राहीले गर्ने अनावश्यक जाँच पनि अनावश्यक बिमामा आर्थिक भार बढेको हो ।

'विनियोजित बजेटबाहेक दुई अर्बभन्दा बढी खर्च भइसकेको छ,' । स्वास्थ्य बिमा ऐनले स्वास्थ्य बिमामा प्रदेश सरकारको योगदान हुनुपर्ने व्यवस्था गरे पनि हालसम्म संघीय सरकारले मात्र तिर्नुपरेकाले पनि आर्थिक सन्तुलन नमिलेर बिमालाई आर्थिक भार परेको छ । 'ऐनमा प्रदेश सरकारले पनि तिर्नुपर्ने व्यवस्था छ तर संघले मात्र तिरेको स्थिति छ । सरकारले आधारभूत सेवा प्रभावकारी रूपमा उपलब्ध नगराउन नसक्नु अहिलेको संकट देखिएको जनस्वास्थ्यविदका भनाइ छ । 'पहिलो बिन्दु आधारभूत स्वास्थ्य सेवा भइदिएको भए सिधै बिमामा जाँदैनथे। सेवा प्रदायक अस्पतालहरूले आफ्नो दररेट खोज्नु राज्यव्यवस्थाको कमजोरी हो । 'कुनै पनि स्वास्थ्य सेवामा समान दररेट हुनुपर्नेमा छुट्टै शुल्क दररेट तोक्नुहुँदैन ।, सरकारले अनिवार्य समान दरमा ल्याउनुपर्छ । बिमा कार्यक्रमको समस्या समाधानका लागि सरकारले नीतिगत सुधार गरेर जानुपर्ने विज्ञको सुझाव छ । बिमा सेवामा स्वास्थ्यको भार घटाउन आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने, सेवाग्राही अस्पतालले बिमा कार्यक्रमले तोकेको सेवा उपलब्ध गराउने, बिमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरू सरकारले तोकेको दररेटमा सहमत हुनुपर्ने सुझाव कार्यान्वयन हुन सकेमा निशुल्क स्वास्थ्य विमा सहज रुपमा लिन जनता तयार हुनेछन् ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सेतीनदी र फुस्रेखोलाको कटान नियन्त्रण गर्न स्थानीयको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

पोखरा महानगरपालिका वडा नं १७ दोविल्लाका वासिन्दाकाले सेती र फुस्रेखोलाको कटान नियन्त्रण गर्न उम्मेदवारसंग प्रतिवद्धता मागेका छन् । बर्षेनी कटान भईरहदा यस क्षेत्रको वस्तीनै जोखिममा परेको भन्दै उनीहरुले समस्याको दिर्घकालीन समाधान हुनु पर्नेमा जोड दिएका हुन ।

चुनावी अभियानका क्रममा उक्त क्षेत्रमा पुगेका नेकपा एमालेका तर्फवाट प्रतिनिधि सभा सदस्यका उमेदवार रश्मी आचार्यसंग उनीहरुले समस्याको समाधान हुने प्रतिवद्धता खोजेका हुन । सेतीनदी र फुस्रेखोलाको निरन्तर कटानका कारण वस्ती उच्च जोखिममा परेको भन्दै उनीहरुले चुनावी प्रतिवद्धतामै वस्ती संरक्षणलाई प्राथमिकतामा राख्न माग रहेको स्थानीयवासिन्दा भगवती पौडेलले बताउनुभयो । उहाँका अनुसार पोखरा १७ र १५ को विच भागमा रहेको सेतीनदी र २१ को सिमानमा रहेको फुस्रेखोलाको संगमस्थाल दोविल्ला वस्तीमा हरेक बर्ष मनसुनका वेला कटान तीव्र हुँदै गएको छ । निरन्तरको बर्षाका कारण वस्तीमात्र होईन, मुख्य सडकसमेत खस्ने अवस्थामा आएको बताउँदै उहाँले भन्नुभयो केही बर्षअघि खोला छेउमा पर्खाल निर्माणको काम शुरु गरिए पनि हालसम्म सम्पन्न हुन सकेको छैन । अर्का स्थानीय गौतम गिरीले उक्त क्षेत्रमा ४४ घर परिवार वसोवास गर्दै आएका छन् । कटानको जोखिम बढ्दै गएपछि केही परिवार विस्थापित हुन वाध्य भएको बताउँदै वस्ती संरक्षणका लागि नदी र खोला किनारामा तटबन्ध, पर्खाल निर्माण र जोखिम न्यूनीकरणका अन्य उपाय तत्काल लागू गर्नुपर्नेमा ध्यानाकर्षण गराउनुभयो ।

स्थानीय तह, प्रदेश तथा संघीय सरकारको ध्यानाकर्षण गराउँदै दोविल्लावासीले दीर्घकालीन समाधान नभए सिङ्गो वस्ती नै विस्थापित हुने खतरा रहेको छ भने पोखरा १७ र २१ जेड्ने दोविल्लास्थित फुस्रेखोला माथिको पक्कि पुल समेत जोखिममा परेकोमा चिन्ता व्यक्त गरेका थिए । स्थानीयको भेलामा उम्मेवादर आचार्यले नदी र खोलाको कटानको कारण उच्च जोखिममा रहेको दोविल्ला क्षेत्रको संरक्षणका साथै आवश्यक पूर्वाधार निर्माणमा आफु प्रतिवद्ध भएर लाग्ने विश्वास व्यक्त गर्नुभयो । जनभावनाको उच्च कदर गर्दै विकास निर्माणमा जुट्ने विश्वास व्यक्त गर्दै उहाँले पार्टीको प्रतिवद्धता प्रकाशनका लागि सुझाव संकलन गर्न टोलटोलका मदाता समक्ष पुगेको बताउनुभयो । विभिन्न दलका उम्मेदवारसंग पनि स्थानीयको कटान नियन्तणको प्रयासका लागि अग्रसरता लिन आग्रह गर्दै आएको स्थानीय नवयुवा राजु गिरीले जानकारी दिनुभयो । उहाँले थप्नु भयो फुस्रेखोलाको संगमस्थलका रुपमा रहेको दोविल्ला क्षेत्रको दुवै नदीको कटानको कारण सो क्षेत्रमा सहारा क्वलद्धारा सञ्चालित सहारा एकेडेमि लगायतका विभिन्न संघसंस्था सहित ठूलो बस्ति उच्च जोखिममा परेको छ ।

# म्याग्दीबाट एक सय निर्वाचन प्रहरी बागलुङ पठाइयो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० माघ

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षाका लागि म्याग्दीबाट १०० जना निर्वाचन प्रहरी छिमेकी जिल्ला बागलुङमा पठाइएको छ ।

बागलुङमा निर्वाचन प्रहरीका लागि आवश्यकभन्दा कम आवेदन परेकाले म्याग्दीबाट पठाइएको हो । दुई सय १२ जना निर्वाचन प्रहरी माग गरेकोमा मङ्गलबार बिहानसम्म १०२ जना सम्पर्कमा आएका बागलुङका प्रहरी उपरीक्षक तिलक भारतीले जानकारी दिनुभयो ।

म्याग्दीबाट गएकासहित एक हजार २४० जनालाई तालिम दिन सुरु गरेको उहाँले बताउनुभयो । तीन पटक म्याद थप्दासमेत आवश्यक निर्वाचन प्रहरी अपुग भएपछि म्याग्दीमा आवेदन बढी आएका जनशक्तिलाई बागलुङ लगिएको हो ।

निर्वाचनलाई लक्षित गरेर म्याग्दीमा ८६१ निर्वाचन प्रहरी भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले बताउनुभयो । उनीहरूका लागि बेनीको खुला मञ्च खेल मैदान र मालिका गाउँपालिकाको केन्द्र दरवाङमा १० दिने तालिम सञ्चालनल भएको छ ।

फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको शान्ति सुरक्षाको व्यवस्थापनमा खटिने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई सघाउनका लागि निर्वाचन प्रहरी नियुक्त गरिएको हो । छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा ४२ हजार ३३२ पुरुष र ४४ हजार ६४ जना महिला र एक जना अन्य गरी कूल ८६ हजार ३९७ जना मतदाता कायम भएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

# चार लाख रुपैयाँ बढी लागतमा सुविधासम्पन्न भान्छाघर

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालस्थित राधाकृष्ण बृद्धाश्रममा नेपाल लाइफ इन्स्योरेन्स कम्पनि लिमिटेडको सहयोगमा चार लाख रुपैयाँ बढी लागतमा सुविधासम्पन्न भान्छाघर निर्माण गरिएको छ ।




निर्मित भान्छाघरको आज आयोजित एक कार्यक्रमका बीच कम्पनीका सञ्चालक कृष्णराज लामिछानेले शिला अनावरणसँगै औपचारिक रुपमा बृद्धाश्रमलाई हस्तान्तरण गर्नुभयो । कार्यक्रममा सञ्चालक लामिछानेले संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत बृद्धाश्रममा सुविधासम्पन्न भान्छाघर निर्माणका लागि सहयोग गरेको बताउनुभयो । कार्यक्रमका सहभागीलाई स्वागत गर्दै बृद्धाश्रम सञ्चालक समितिका अध्यक्ष विश्वराज लामिछानेले सहयोगका प्रति आभार व्यक्त गर्नुभयो । विभिन्न सहयोगदाताको सहयोगमा बृद्धाश्रमका भौतिक पूर्वाधार निर्माणसँगै यसको सञ्चालनमा सहयोग पुगेको बताउँदै उहाँले यस किसिमका सहयोग निरन्तर आवश्यक भएको बताउनुभयो ।

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका गण्डकी प्रदेश प्रमुख सहदेव अधिकारीको सभापत्वि एवम् पोखरा शाखा प्रमुख उपेन्द्रराज तिमल्सिनाले सञ्चालन गर्नुभएको कार्यक्रममा कम्पनी एवम् बृद्धाश्रम सञ्चालक समितिका पदाधिकारी एवम् सदस्यहरूको उपस्थिति थियो ।

# सिगाना बन्यो 'सुन्तला गाउँ', भित्रियो चार करोड

**पोखरापत्र संवाददाता**
बागलुङ, २० माघ

सिगाना अर्थात् 'सुन्तला गाउँ' । सुन्तला गाउँका रूपमा परिचय कमाइसकेको बागलुङ नगरपालिका-८ सिगानाका किसानले बर्सेनि सुन्तला उत्पादमा वृद्धि गरिरहेका छन् ।

गत वर्ष रु पाँच लाखमा धादिङका व्यापारीलाई सुन्तला बगैँचा जिम्मा लगाउनुभएका अनन्त खड्काले यसपटक भने रु सात लाख ५० हजारमा सुन्तला बगैँचा एकमुष्ट बिक्री गर्नुभयो । यस वर्ष सुन्तला बिक्रीबाट सिगानामा रु चार करोड भित्रिएको छ । खड्काले यस वर्ष उत्पादनसँगै सुन्तलाको मूल्य राम्रो पाएकामा खुसी व्यक्त गर्नुभयो । आफूजस्ता एक सयभन्दा बढी किसानले रु एक लाखदेखि सात लाखसम्म रकम गाउँ भित्र्याएको बताउनुभयो । अन्य किसानले पनि धेरैथोरै रकम भित्र्याउँदै आएका छन् । सुन्तला उत्पादनको तथ्याङ्क भने वडा कार्यालयले नभई गाउँको गणेश कृषि सहकारीले राख्दै आएको छ । सिगानाका सुन्तला स्वादिष्ट हुने भएकाले यहाँका सुन्तलाको बजार पोखरा, काठमाडौँ र चितवनमा छ । कोदो बारी र धान खेत मासेर यहाँका किसानले २०५० सालयता व्यावसायिक सुन्तलाखेतीमा लागेका किसान अहिले धमाधम सुन्तलाखेती विस्तारमा छन् । सिगानामा अबको पाँच वर्षमा गाउँ नै ढाकिनेगरी सुन्तलाखेती विस्तार भइरहेको छ । सिगानाको बेँसी, पात्ले, पाखाबारी, बाँस्बोट र सायकोटमा अहिले सुन्तला लगाउनटे क्रम जारी छ ।

गत वर्ष सुन्तला बिक्रीबाट रु तीन करोड ५० लाख भित्र्याएका सिगानाका किसानले यस वर्ष चार करोड रकम भित्र्याएका छन् । सिगानामा समग्रमा रु ५० लाखको सुन्तला उत्पादनमा गत वर्षको तुलनामा वृद्धि भएको स्थानीय अगुवा शिवकुमार खड्काले बताउनुभयो । उहाँले सहकारीमार्फत सुन्तलाखेती विस्तार गर्दै अनुदानमा सुन्तलाका बिरुवा पनि वितरण गर्दै आएको जानकारी दिनुभयो । गत वर्षको तुलनामा यस वर्ष मौसम राम्रो र रोग नलागेका कारण सुन्तला उत्पादनमा वृद्धि भएको हो । यहाँका सुन्तलाको स्तरीकरण गरेर फरक-फरक मूल्यमा ठेकेदारले पोखरासहितका अन्य बजारमा पठाउने गरेका छन् । वडा कार्यालयले सुन्तलाको तथ्याङ्क समेत राख्न नसकेको भन्दै गणेश कृषि सहकारी सिगानाका अध्यक्ष रामबहादुर खड्काले गत वर्षदेखि सिगानाको सुन्तलाको तथ्याङ्क संकलन गर्ने कार्य थालिएकाले यो वर्ष चार करोड बढी रकम सुन्तला बिक्रीबाट सिगाना भित्रिएको बताउनुभयो । सिगानामा २५० भन्दा बढी किसानको सानादेखि ठूलो सुन्तला बगैँचा छ । यस वर्ष ४०० नयाँ बोटले सुन्तला उत्पादन दिन सुरु गरेका छन् । सिगाना गाउँका साविक ३, ४, ५ र ७ वडामा सुन्तला राम्रो उत्पादन हुने गरेको छ । यहाँका अधिकांश किसान सहकारीमा आबद्ध छन् र वार्षिक रूपमा सुन्तला उत्पादन बढिरहेको पूर्व वडाध्यक्ष तथा सुन्तला किसान जितबहादुर जिसीले जानकारी दिनुभयो ।

यहाँका टोपबहादुर खड्का, रामप्रसाद गौतम, राधा खड्का र गङ्गा केसीलगायत किसानले पोखरा, चितवन, नारायणगढ र धादिङ व्यापारीमार्फत सुन्तलाको बजारीकरण गर्दै आएका छन् । बगैँचा विस्तार र मलजलका कारण सुन्तलाखेती उत्पादन फस्टाउँदै गएको पाइएको छ ।

**Machhapuchchhre Rural Municipality**
**Office of Rural Municipal Executive**
**Lahachowk, Kaski**
**Gandaki Province, Nepal**

## Invitation for Electronic Sealed Quotations

Date of Second publication: 4th Feb 2026 (2082 Magh 21)

1. Office of Machhapuchchhre Rural Municipality, Lahachowk, Kaski invites only electronic Sealed Quotation from registered contractor for following works under Sealed Quotation procedure.

| SN | IFB No | Name of Project | Estimated Amount (With Vat and PS) (NRs) | Sealed Quotation Validity Period | Sealed Quotation Security | | Sealed Quotation Doc. Fee (NRs) |
|---|---|---|---|---|---|---|---|
| | | | | | Amount (NRs) | Validity Period | |
| 1 | MRM/SQ/W/RD/ 082-83/18 (Re-01) | Construction of Emu To Prumdhum Road | 19,65,194.90 | 45 days | 40,000.00 | 75 days i.e. (Must be Valid Up to 2026/05/05) | 1000 |

2. Eligible Bidders may obtain other information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders may download Sealed Quotation documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Sealed Quotation Bid should deposit the cost as maintain above of Sealed Quotation documents in the account as specified.
   i. Account Name: GA-1.1 MACHHAPUCHCHHRE GA. PA. ANTARIK RAJASWO KHATA
   ii. Name of the Bank: Prabhu Bank Ltd.
   iii. Office Code no : 801043903
   iv. Office Account No: 1400109223400069
   v. Rajaswa (revenue) Shirshak No:14229
4. Pre-Bid meeting shall not be held.
5. Electronic Sealed Quotations must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon 20th Feb 2026 (8th Fagun 2082). Sealed Quotations received after this deadline will be rejected.
6. The Sealed Quotations will be opened in the presence of Bidders representatives who choose to attend at 13:00 Hrs. on 20th Feb 2026 (8th Fagun 2082) at the office of Office of Machhapuchchhre Rural Municipality, Lahachowk, Kaski.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the Bid security shall remain the same as specified for the original last date of Sealed Quotation submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation without assigning any reason, whatsoever.

# प्रतिभा सुपर कप क्रिकेट : लगातार दुई खेल जित्दै बाल मन्दिर सेमीफाइनलमा, वाराहीको पहिलो जित

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

प्रतिभा सुपर लिग क्रिकेट प्रतियोगितामा बाल मन्दिर मावि सेमीफाइनल प्रवेश गरेको छ । प्रतिभा माविको आयोजना पोखरा महानगरपालिका क्रिकेट संघको प्राविधिक सहयोग तथा समन्वयमा भइरहेको प्रतियोगितामा वाराही माविले भने पहिलो जित दर्ता गरेको छ।

समूह 'डी' अन्तर्गत लिग चरणको पहिलो खेलमा ग्लोबल कलेजियटलाई ६ विकेटले पराजित गरेको बाल मन्दिरले बुधबार भएको आफ्नो दोस्रो खेलमा डायमण्ड माविलाई ७० रनको फराकिलो अन्तरले पराजित गर्दै कुल ४ अंकसहित सेमीफाइनल यात्रा सुनिश्चित गरेको हो । यस समूहमा रहेका डायमण्ड मावि र ग्लोबल कलेजियट जितविहीन् छन् । यी दुई टोलीको लिग चरणको अन्तिम खेल बुधबार सान्त्वना जितका लागि खेल्नेछन् । प्रतियोगिता अन्तर्गत मंगलबारको खेलमा नेपाल भारत मैत्री विद्यालयलाई पराजित गर्दै वाराही माविले सेमीफाइनल पुग्ने आशा जिवितै राखेको छ । समूह 'सी' अन्तर्गत भएको पहिलो खेलमा प्रतिभा माविसँग ३ विकेटले पराजित वाराही माविले मंगलबारको खेलमा



नेपाल भारत मैत्री विद्यालयलाई पराजित गर्दै पहिलो जित दर्ता गरेको हो । प्रतिभा मावि र वाराही माविको एक/एक जित भएकाले अब सेमीफाइनल यात्रा सुनिश्चित गर्न माघ २२ गते यी दुई टोली आमनेसामने हुनेछन् ।

लगातार दोस्रो जित दर्ता गने क्रममा मंगलबार बाल मन्दिर माविले डायमण्ड माविलाई ७० रनको फराकिलो अन्तरले पराजित गर् यो । टस जितेर डायमण्डले पहिले फिल्डिङ गर्ने निर्णय गरेपछि व्याटिङमा आएको बाल मन्दिरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १२६ रन बनायो । बाल मन्दिरका लागि अभिषेक क्षेत्रीले १८ बलमा २० रन, सुमन अधिकारीले २३ बलमा १५ र श्रीनिवास कठायतले २० बलमा १४ रनको योगदान दिए । बाल मन्दिरलाई ठूलो स्कोर हुनबाट रोक्ने क्रममा डायमण्डका मिलन पौडेलले ४ ओभरमा २४ रन खर्चेर ४ विकेट तथा सुशांक तिवारीले ४ ओभरमा १३ रन खर्चेर १ विकेट हत्याए । १२७ रनको बिजय लक्ष्य पछ्याएको डायमण्ड मावि १३.३ ओभरमा सबै विकेट गुमाएर केवल ५६ रनमा समेटियो । बाल मन्दिरका बलर हरुसामु निरीह देखिएका डायमण्डका लागि अविरल पोखरेलले सर्वाधिक ३१ बलमा ३२ रन बनाउनुबाहेक अन्यको व्याट चलेन । अधिकांश खाता नखोली पेभेलियन फर्किदा सचिन तिमिल्सिनाले मुस्किलले १५ बलमा ६ रन बनाए ।

डायमण्डलाई सस्तैमा समेट्न बाल मन्दिरका सुमन अधिकारीले २.३ ओभरमा १७ रन खर्चेर ६ विकेट तथा श्रीनिवास कठायतले ३ ओभरमा ९ रन खर्चेर २ विकेट हत्याए । सो खेलमा व्याटिङमा १५ रन तथा ६ विकेट लिएका सुमन अधिकारी प्लेयर अफ द म्याच घोषित भए । मंगलबारको दोस्रो खेलमा वाराही माविले नेपाल भारत मैत्री विद्यालयलाई ३४ रनले हरायो । टस जितेर नेपाल भारत मैत्रीले फिल्डिङ गरेपछि पहिले व्याटिङमा उत्रिएको १८.२ ओभरमा सबै विकेट गुमाएर १०९ रनको योगफल तयार गऱ्यो । वाराहीका लागि ब्रिजेश भट्टराईले २५ बलमा १९ रन, सक्सेल तिमिल्सिनाले १३ बलमा १५ रन र अभिषेक अधिकारीले १८ बलमा ११ रनको योगदान दिए ।

नेपाल भारत मैत्री विद्यालयका रोसन अग्रवालले ४ ओभरमा १२ रन खर्चेर ५ विकेट र विराज गुप्ताले ४ ओभरमा २२ रन नै खर्चेर २ विकेट लिए । ११० रनको बिजय लक्ष्य पछ्याउँदै जवाफी व्याटिङमा उत्रिएको नेपाल भारत मैत्रीले १५ ओभरमा सबै विकेट गुमाएर केवल ७५ रन मात्रै बनाउँदा पहिलो खेलमै पराजय बेहोर्नु पऱ्यो । नेपाल भारत मैत्रीका क्याम्मुदिनले २४ बलमा २३ रन र जरुण शर्माले १९ बलमा १० रन बनाउनुबाहेक अन्यले दोहोरो अंकमा रन जोड्न सकेनन् । नेपाल भारत मैत्रीलाई सस्तैमा समेट्न वाराही माविका विवेक सुनारले ४ ओभरमा १९ रन खर्चेर ५ विकेट तथा सविन विकले ३ ओभरमा १७ रन खर्चेर ३ विकेट लिए । सो खेलमा ५ विकेट लिएका बिजयी वाराहीका खेलाडी विवेक सुनार प्लेयर अफ द म्याच घोषित भए ।

# छन्त्याल भाषा, कला र संस्कृति संरक्षणका लागि कोष स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० माघ

नेपालका अल्पसङ्ख्यक छन्त्याल जातिले आफ्नो भाषा, कला र संस्कृति संरक्षणका लागि रु एक करोड ५० लाखभन्दा बढी रकम सङ्कलन गरेर कोष स्थापना गरेका छन् । नेपाल छन्त्याल सङ्घका संस्थापक अध्यक्ष दिलबहादुर छन्त्यालको स्मृतिमा 'छन्त्याल सर्वमान्य कोष' स्थापना गरेका हुन् ।

छन्त्याल जातिको उत्पत्ति र इतिहासको खोजी तथा भाषा, संस्कृतिको संरक्षण गर्ने उद्देश्यले स्थापना भएको कोषमा रु एक करोड ५१ लाख ३६ हजार ७१० जम्मा भएको कोषका नवनिर्वाचित अध्यक्ष दीपप्रसाद छन्त्यालले जानकारी दिनुभयो । "कोषको मूलधन नमासिने र ब्याजबाट छन्त्याल समुदायको भाषा, कला र संस्कृति संरक्षणमा परिचालन गरिनेछ", उहाँले भन्नुभयो, "कोषको रकम रु एक करोड ५० लाख बनाउने उद्देश्य राखिएको छ ।"देशविदेशमा रहेका ८८ जना छन्त्याल दाजुभाइ तथा दिदीबहिनीबाट न्यूनतम रु ११ हजार २३२ देखि अधिकतम रु २० लाख सहयोग प्राप्त भएको अध्यक्ष छन्त्यालले जानकारी दिनुभयो । विसं २०७८ को जनगणनाअनुसार नेपालमा छन्त्याल जातिको कूल जनसङ्ख्या ११ हजार ९६३ जना छन् ।

म्याग्दी, बागलुङ र कास्कीमा छन्त्यालको मुख्य बसोबास छ। खानी खन्ने छन्त्यालको पुर्ख्यौली पेसा हो। खानी खन्ने क्रममा खानी भएको ठाउँ नजिकै छन्त्याल समुदायले बस्ती बसाएको इतिहास छ। तामा, फलाम, स्लेट खानी भएको ठाउँ नजिकै छन्त्याल समुदायको बसोबास छ । छन्त्याल समुदायको आफ्नै भाषा भए पनि लिपि नहुँदा लोप हुने अवस्थामा छ । अन्य समुदायको तुलनामा फरक संस्कार, रहनसहन र जीवनशैली अपनाउने गरेका छन् । छन्त्याल सर्वमान्य कोषको सोमबार सम्पन्न १०औँ अधिवेशनबाट दिलप्रसाद छन्त्यालको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति चयन भएको छ । समितिको उपाध्यक्षमा मिमप्रसाद छन्त्याल (लाम्मेला), सचिवमा देवमति छन्त्याल (निसी), कोषाध्यक्षमा थममाया छन्त्याल (खुङ्खानी), सहसचिवमा भ्रमबहादुर छन्त्याल (घोषाखानी), सदस्यहरूमा यामबहादुर छन्त्याल (नर्जाखानी), तारादेवी गौचन छन्त्याल (मङ्गलेखानी), लोकशङ्कर छन्त्याल (बोङखानी) र नरकुमारी छन्त्याल (घैयाखानी) चयन हुनुभएको नेपाल छन्त्याल सङ्घका पूर्वअध्यक्ष एवं निर्वाचन समितिका संयोजक इन्द्रजीत छन्त्यालले जानकारी दिनुभयो ।

# प्रतिनिधिसभा निर्वाचन: तनहुँ-२ मा पुराना दललाई नयाँको चुनौती

**पोखरापत्र संवाददाता**
तनहुँ, २० माघ

तनहुँमा दुईवटा निर्वाचन क्षेत्र छन् । साबिक तनहुँ क्षेत्र नम्बर ३ वामपन्थी दलहरूले जित्दै आएको क्षेत्र हो । तनहुँमा हाल दुई निर्वाचन क्षेत्र छन् ।

यस निर्वाचन क्षेत्रमा म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका र व्यास नगरपालिकाको वडा नम्बर ५ र ६ पर्दछ । तनहुँ क्षेत्र नम्बर २ मा एक लाख २७ हजार ५१५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले जानकारी दिनुभयो । यो निर्वाचन क्षेत्रमा १५६ मतदान केन्द्र छन् । विसं २०४८ यताको संसदीय निर्वाचनमा पाँचपटक नेपाल कम्युनिष्ट पार्टी (एमाले) र दुईपटक नेपाली कांग्रेसका उम्मेदवारले जित हासिल गरेका छन् ।

विसं २०४८ मा नेकपा (एमाले) का किरण गुरुङ, २०५१ सालमा नेपाली कांग्रेसका अमरराज कैनी, २०५६ सालमा नेकपा (एमाले) का टुकराज सिग्देल, २०६४ सालमा नेकपा (एमाले) का किरण गुरुङ, २०७० सालमा नेकपा (एमाले) का टुकराज सिग्देल, २०७४ सालमा नेकपा (एमाले) कै केदार सिग्देल र २०७९ सालमा नेपाली कांग्रेसका शङ्कर भण्डारी निर्वाचित हुनुभएको थियो ।

यस क्षेत्रमा यस पटक नयाँ दलले समेत चुनौती दिएका छन् । यो क्षेत्रमा ११ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। निर्वाचन कार्यालयका अनुसार नेपाली कांग्रेसबाट शङ्कर भण्डारी, नेकपा (एमाले) बाट केदार सिग्देल, नेपाली कम्युनिष्ट पार्टीबाट सोमबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट श्रीराम न्यौपाने, राष्ट्रिय जनमुक्ति पार्टीबाट लालबहादुर गोतामे, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट यमबहादुर ठकुरी, नेपाल जनमुक्ति पार्टीबाट पूर्णबहादुर राना, मङ्गोल अर्गनाइजेसनबाट सुष्मा आले, नेसनल रिपब्लिक नेपालबाट नमबहादुर राना, नेपाल मजदुर किसान पार्टीबाट लक्ष्मण अधिकारी र नेकपा (माओवादी) बाट गणेशबहादुर लामगादे प्रतिस्पर्धामा हुनुहुन्छ ।

# मतदाता भन्छन्, 'नागरिकका समस्या बुझ्ने नेतालाई भोट

**पोखरापत्र संवाददाता**
बागलुङ, २० माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरू मतदाता रिझाउन घरदैलो गरिरहेका छन् । घरदैलोमा पुग्ने नेतालाई मतदाताले विकास, सुशासन र रोजगार सिर्जना गर्नुपर्ने माग गरेका छन् । हरेक चुनावमा आश्वासन मात्रै दिने तर चुनाव जितेपछि काम नगर्ने प्रवृत्ति दोहोरी रहेको उनीहरूको गुनासो छ।

बागलुङ क्षेत्र नं १ अन्तर्गत काठेखोला गाउँपालिका-२ का प्रीतम थापाले स्पष्ट 'एजेन्डा' लिएर आउने नेतालाई यसपालि भोट दिने बताउनुभयो । अहिलेसम्म तीनपटक मतदान गरेको अनुभव सुनाउँदै चुनाव जिताएका प्रतिनिधिले जनताको भावनाअनुसार काम नगरेको उहाँको भनाइ छ । दूरदराजमा शिक्षा, स्वास्थ्य, खानेपानी र यातायातको सुविधा अझैसम्म पुग्न नसेको भन्दै त्यसतर्फ ध्यान दिनुपर्ने थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "चुनाव एउटा राम्रो प्रतिनिधि छान्ने अवसर हो, यस बेला सोचविचारका साथ गतिलो नेता चुन्न जरुरी छ, चुनावका बेला भोट माग्न धेरै थरि आउँछन्, लहलहैमा लागेर मत दिन हुँदैन भन्ने लाग्छ, जसले भुइँ मान्छेको समस्या बुझ्छ, नागरिकका आवाजलाई सदनमा बोल्न सक्छ उसैलाई मत दिने हो ।"

गलकोट नगरपालिका-८ का तुलबहादुर खत्रीले नयाँ पुराना पार्टीले जनताको हितमा काम गर्न नसकेको गुनासो गर्नुभयो । लामो इतिहास बोकेका र भर्खर खुलेका पार्टीको विकास तथा सुशासन स्थापित गर्ने एउटै धारणा हुनुपर्ने उहाँको भनाइ छ। विकट गाउँ बस्तीका नागरिक आधारभूत सेवा पाउनबाट वञ्चित रहेका सुनाउँदै चुनाव जितेपछि उनीहरूको समस्या बुझेर काम गर्ने नेताको आवश्यकता रहेको खत्री बताउनुहुन्छ ।

"मैले धेरै चुनावमा भाग लिए, चुनाव जितेकाहरूले केही गर्दै नगरेका त होइनन्, तर उनीहरूले जति गर्नुपर्ने हो त्यति गरेनन्, अब आउने नेतृत्वले हरेक नागरिकको समस्या बुझेको हुनु पर्छ", उहाँले भन्नुभयो, "आफ्नो पार्टीका मान्छेलाई काखा अरूलाई पाखा गर्ने विभेदी नेता हुनुहुँदैन, निःस्वार्थी भावको नेतालाई जिताउन जरुरी हुन्छ ।" ढोरपाटन नगरपालिका-९ का ७४ वर्षीय कुलबहादुर सुनारले सही उम्मेदवार छान्न नसक्दा जनताले दुःख पाएको बताउनुभयो । आफूले २०४८ सालपछिका सबै निर्वाचनमा मतदान गर्दै आएको सुनाउँदै चुनाव जितेपछि भोट दिएको नेता एकपटक पनि फर्किएर गाउँमा नआएको उहाँले आरोप छ । आफ्ना लागि मात्र नभई जनताका समस्यालाई प्राथमिकता दिने नेतालाई भोट दिने सोच बनाएको सुनार बताउनुहुन्छ ।

# गलेश्वर-पुलाश्रम-जगन्नाथ सडक योजना: लक्ष्यभन्दा पाँच महिनाअघि सम्पन्न

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० माघ

बेनी नगरपालिकामा रहेका तीनवटा धार्मिकस्थल गलेश्वर, पुलाश्रम (पछै) र जगन्नाथ जोड्ने सडक स्तरोन्नतिका लागि सञ्चालित योजना लक्ष्यअघि नै सम्पन्न भएको छ ।

पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालन एक वर्ष निर्माण अवधि भएको योजना लक्ष्यभन्दा पाँच महिनाअघि सम्पन्न भएको हो । गण्डकी प्रदेश सरकारले रु तीन करोड ५९ लाख ९८ हजार बजेटको स्रोत सुनिश्चित गरेको उक्त योजना निर्माणका लागि बिबिपीएल बिएसडीएस धवलागिरि छनोट भएको थियो । विसं २०८२ असार १६ गते रु दुई करोड २३ लाख ४६ हजारमा ठेक्का सम्झौता भएको योजनाको ठेक्का अवधि २०८३ असार १६ गतेसम्म थियो । निर्माण व्यवसायीले पर्याप्त मजदुर, उपकरण परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेको, स्थानीयस्तरमा सहजीकरण, निगरानी र सम्बद्ध कार्यालयबाट भएको समन्वयका कारण लक्ष्यअघि नै योजना सम्पन्न भएको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताउनुभयो । "धेरैजसो आयोजना ढिलासुस्तीले थला परेका अवस्थामा व्यवसायी, सम्बद्ध कार्यालयको इच्छाशक्ति र स्थानीयस्तरमा सहजीकरण गरेर काम हुने वातावरण बनाउन सकेमा विकास आयोजनामा हुने ढिलासुस्ती हटाउन सकिने सन्देश प्रवाह भएको छ", उहाँले भन्नुभयो, "योजना निर्माणमा आउने सामाजिक समस्याको सहजीकरण गर्न सरोकार समिति बनाएका थियौँ ।" यस योजनामार्फत बेनी नगरपालिका-९ गलेश्वरदेखि काउलेगौडा हुँदै कोशेपानी खण्डमा ३०० मिटर ढलान र एक हजार १०० मिटर दूरी सडकलाई फराकिलो बनाउने, घुम्ती तथा ग्रेड सुधार, पर्खाल र नाली निर्माण भएको पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजन इन्जिनियर डा महेन्द्र बानियाँले बताउनुभयो । यसअघि चार मिटर फराकिलो सडकलाई हाल सात मिटर चौडा बनाइएको छ । म्याग्दी हुँदै मुस्ताङ जाने तीर्थयात्रीलाई गलेश्वर, पछै र जगन्नाथमा भित्र्याउने, बसाइ लम्ब्याउने र स्थानीयवासीको सहजताका लागि गलेश्वरदेखि पुलाश्रम जगन्नाथ भएर बेनी बजार जोड्ने सडक स्तरोन्नति योजना थालिएको हो ।

गलेश्वर हिन्दू तथा वौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार हो भने पछैमा हिन्दू धर्मग्रन्थ रामायणको पात्र रावणको जन्म भएको र परापूर्वकालमा ऋषिमुनिहरूले तपस्या गरेर ज्ञान आर्जन गरेका थिए । जगन्नाथमा तत्कालीन पर्वत राज्यका राजा दिलीप बम मल्लले बनाएको शिखर शैलीको मन्दिर छ । बाँकी खण्डमा स्तरोन्नतिका लागि बजेट व्यवस्थापन गर्न प्रदेश सरकारमा पहल गरिएको वडाध्यक्ष केसीले बताउनुभयो।अघिल्लोकार्यकालमा बेनी नगरपालिकामार्फत गलेश्वर-काउलेगौडा क्षेत्रमा करिब दुई किलोमिटर सडक स्तरोन्नति भएको थियो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्म : २००५/०६/०५ गते

स्वर्गारोहण : २०८२/१०/०९

**स्व. चुडामणी पहारी**

हाम्रा प्रात स्मरणीय सम्धी **चुडामणी पहारी** को ७७ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथैं यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**रामराज सिग्देल**
**भगवती सिग्देल**
**पोखरा-१३, काहुँखोल**